# क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

## रसुवागढी (भोटेकोशी–त्रिशुली) जलविद्युत आयोजनाको १३२ के. भी. विद्युत प्रसारण लाईनको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

**(प्रकाशित मितिः २०७८/११/२३)**

बागमती प्रदेशको रसुवा जिल्लाको गोसाँइकुण्ड गाउँपालिका र आमाछोदिङमो गाउँपालिकामा १० कि. मी. लामो रसुवागढी (भोटेकोशी-त्रिशुली) जलविद्युत आयोजनाको १३२ के. भी. विद्युत प्रसारण लाईन निर्माण गर्नको लागि रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेडद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगानाः | रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड, कपन मार्ग-३, महाराजगञ्ज, काठमाडौं<br>टेलिफोन : ९७७(१) ४३७१७४४, ४३७१७९४<br>इमेल : info@rghpcl.com.np<br>वेब साइट : www.rghpcl.com.np |
| प्रस्तावको व्यहोराः | बागमती प्रदेश, रसुवा जिल्लाको गोसाँइकुण्ड गाउँपालिका र आमाछोदिङमो गाउँपालिका भएर निर्माण गरिने रसुवागढी जलविद्युत आयोजनाको १३२ के. भी. जलविद्युत प्रसारण लाईन आयोजना निर्माण तथा सञ्चालन गर्नको लागि प्रस्ताव गरेको छ। निर्माणाधिन रसुवागढी जलविद्युत आयोजना (१११ मे. वा.) बाट उत्पादन हुने ऊर्जालाई चिलिमेहब सम्म पुऱ्याउनको लागि कुल १० कि. मि. लामो डबल सर्किट विद्युत प्रसारण लाईन निर्माण गरिने छ। उक्त प्रसारण लाईन गोसाँइकुण्ड गाउँपालिका-१ स्थित आयोजनाको स्वीचयार्डबाट सुरु भई आमाछोदिङमो गाउँपालिका-४ चिलिमे हब सम्म निर्माण हुनेछ। प्रस्तावित जलविद्युत प्रसारण लाईन डबल सर्किट हुनेछ । यस आयोजनाको क्षेत्राधिकार (मार्गाधिकार) को बिचबाट दुबैतर्फ ९/९ मिटरको गरि १८ मिटरको हुनेछ । यस आयोजनाले कुल ३२ वटा टावर निर्माण गर्नेछ। टावरहरुको उचाइ ३० मिटर रहेको छ भने औसत टावर स्पान ३३० मिटर रहेको छ। यस विद्युत प्रसारण लाईनको एउटा टावर लाङटाङ राष्ट्रिय निकुञ्ज भित्र पनि निर्माण गर्नुपर्ने हुन्छ। यस जलविद्युत आयोजनाको भूँई देखी बिजुलीको तार सम्मको दुरी ७ मिटरको हुनेछ। प्रस्तावित आयोजनाले १२ स्थानमा खोल्सि, १० स्थानमा पैदल मार्ग र ३ स्थानमा नदी क्रस गरेको छ। |
| प्रभाव पर्न सक्ने जिल्ला/ गा.पा. | बागमती प्रदेश, रसुवा जिल्लाको गोसाँईकुण्ड गाउँपालिका वडा नं.-१, गोसाँईकुण्ड गाउँपालिका वडा नं.-२, आमाछोदिङमो गाउँपालिका वडा नं.-४ र आमाछोदिङमो गाउँपालिका वडा नं.-५ |

माथी उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन सम्बन्धी क्षेत्र निर्धारण गर्ने क्रममा त्यस क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी एकिन गर्न त्यस क्षेत्रका न. पा./गा. पा. तथा विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित रायसुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगानाः | रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड, महाराजगञ्ज, काठमाडौं<br>टेलिफोनः ९७७(१) ४३७१७४४, ४३७१७९४<br>इमेलः info@rghpcl.com.np |
| परामर्शदाताको नाम र ठेगानाः | ग्रीन हेराल्ड कन्सल्टेन्सी प्रा. लि., बानेश्वर, काठमाडौं<br>टेलिफोनः ९७७(१) ४४१९४६९, ९८५११३४६६७<br>इमेलः greenherald5@gmail.com |